# विद्युतीय...

'यो गर्नै नहुने काम हो भनेर हामीले सरकारसँग भनिसकेका छौं । यो व्यवस्था ल्याउँदा राष्ट्र बैंकलगायत सरोकारवालासँग कुनै छलफल भएको थिएन,' कान्तिपुरसँग गभर्नर अधिकारीले भने, 'भ्याट लगाउँदा सरकारलाई जति राजस्व प्राप्त हुन्छ, त्योभन्दा धेरै गुणा बढी फिनटेक क्षेत्रको योगदान अर्थतन्त्रमा छ । यसकारण उक्त व्यवस्था सच्याउन सरकारलाई भनिरहेका छौं ।'

विदेशतिर पूर्वाधारमा राज्यले ठूलो लगानी गरिरहेको हुन्छ । यहाँ निजी क्षेत्र आफैं लागिरहेको छ । फिनटेक क्षेत्रमा राज्यबाट खासै लगानी भएको छैन । यो क्षेत्रलाई राज्यले प्रोत्साहन गर्नुपर्नेमा उल्टै कर लगाएर निरुत्साहित गर्न नहुने अधिकारीको भनाइ छ । 'फिनटेक क्षेत्रले एउटा उचाइ प्राप्त गरिसकेको छ । अहिलेसम्म ठूला घटना/दुर्घटना पनि भएको छैन । अब त्यसलाई सोही स्तरमा टिकाउनु मुख्य चुनौती हो,' गभर्नर अधिकारीले थपे, 'फिनटेक विकासका क्रममा अन्तरदेशीय विद्युतीय भुक्तानी सुरु भइसक्यो भने नेसनल स्विच निर्माण पनि अन्तिम चरणमा छ ।'

राष्ट्र बैंकलगायत निकायले भ्याट फिर्ताका लागि आग्रह गरे पनि सरकारले त्यस सम्बन्धमा कुनै काम सुरु गरेको छैन । विद्युतीय कारोबारमा भ्याटसम्बन्धी विद्यमान व्यवस्थाका विषयमा विभिन्न निकायबाट सुझाव आए पनि सरकारले कुनै निर्णय नगरेको अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बताए । 'नयाँ कर नीतिका सम्बन्धमा यति बेला विभिन्न सुझाव आइरहेका छन्, मैले सुनिरहेको छु' उनले भने, 'नयाँ निर्णयमा पुग्न यथेष्ट अध्ययन चाहिन्छ ।' यद्यपि विद्युतीय भुक्तानी क्षेत्रलाई सरकारले प्रोत्साहन गरिरहेको उनको भनाइ छ । 'यो क्षेत्रको विकास तथा विस्तारमा सरकारले प्रोत्साहन नै गरिरहेको छ,' उनले भने, 'अब कानुनसम्मत ढंगले प्रभावकारी नियमन गरेर अघि बढाउँछौं ।'

नेपालमा वित्तीय कारोबारमा भ्याट नलाग्ने व्यवस्था छ । यसकारण बैंक तथा वित्तीय संस्था भ्याट छुट पाउने सूचीमा छन् । भुक्तानी प्रणाली सञ्चालक (क्लियरिङ तथा फछ्र्योट-पीएसओ) कम्पनीलाई पनि वित्तीय सेवा मानेर सरकारले नेपाल क्लियरिङ हाउस, फोनपेलगायत डिजिटल भुक्तानी कम्पनीलाई पनि भ्याट छुटको सूचीमा राखेको थियो । यही कारण यस्ता ९ वटा कम्पनी भ्याटमा दर्ता भएका थिएनन् । तर भुक्तानी सेवा प्रदायक (पीएसपी) यसअघि नै भ्याटको दायरामा छन् ।

तत्कालीन अर्थमन्त्री वर्षमान पुनले गत १५ जेठमा संसद्मा प्रस्तुत गरेको आर्थिक विधेयक-०८१ मा भ्याट छुट पाउने सेवा सूचीबाट क्लियरिङ हाउसलगायत कम्पनीलाई हटाए । यससँगै सरकारले भुक्तानी प्रणाली सञ्चालन गर्ने यस्ता कम्पनीको कारोबारको फछ्र्योट १३ प्रतिशत भ्याट पनि लिन थालेको छ । यसले विद्युतीय भुक्तानी महँगो भएको भन्दै राष्ट्र बैंकलगायत सरोकारवालाले सच्याउन सरकारसँग आग्रह गरेका हुन् ।

भुक्तानी प्रणाली सञ्चालकमध्येकै एक नेसनल क्लियरिङ हाउस (एनसीएचएल) ले सरकारलाई लिखित रूपमै उक्त व्यवस्था फिर्ता लिन आग्रह गरेको छ । विद्युतीय भुक्तानी प्रणालीको विकास र विस्तारले भरखरै गति लिन थालेका बेला सरकारले भ्याट लगाएर निरुत्साहित गर्न नहुने एनसीएचएलका प्रमुख कार्यकारी अधिकृत (सीइओ) नीलेशमान प्रधानले बताए । 'अहिले सरकारले नीतिगत रूपमा सरोकारवाला, उपभोक्तालगायतलाई विभिन्न छुट तथा सुविधा दिएर प्रोत्साहन गर्नुपर्ने हो,' उनले भने, 'यस्तो बेला भ्याट लगाउँदा नकारात्मक सन्देश जान सक्छ ।'

विद्युतीय भुक्तानी क्षेत्रको विकास र विस्तार हेर्दा कम्तीमा अर्को ५ वर्षसम्म विभिन्न सुविधा दिएर प्रोत्साहन गर्नुपर्नेमा सरकारले कर लगाएर ठीक नगरेको प्रधानको भनाइ छ । 'अहिले ५० प्रतिशतभन्दा धेरैले यो क्षेत्रको वृद्धि भइरहेको छ । यस्तो अवस्थामा कुनै कुनै कारणले असर पर्न दिनु हुन्न,' प्रधानले थपे, 'अहिलेको अवस्थामा विद्युतीय भुक्तानीमा उपभोक्ता जसरी अभ्यस्त हुँदै आएका छन्, त्यसमा सानोतिनो कारणले वृद्धि रोकिने अवस्था त नहोला । तर यस्ता गतिविधिले नकारात्मक सन्देश प्रवाह गर्छन् ।' यसकारण नगरे पनि हुने अथवा राज्यलाई त्यति धेरै राजस्व प्राप्त नहुने नीति तथा कार्यक्रम जबर्जस्ती कार्यान्वयन गर्न नहुने उनको भनाइ छ । 'नेपाल सरकार, राष्ट्र बैंकलगायत सबै निकायले विद्युतीय भुक्तानीलाई प्रोत्साहन गरिरहेका छन् । अझै केही वर्ष प्रोत्साहन गर्नुपर्छ,' प्रधानले थपे, 'विद्युतीय भुक्तानी हाम्रो जस्तो अवस्थामा रहेका अरू देशमा सरकार आफैंले ठूलो बजेट विनियोजन गरेर सरोकारवाला मात्र नभएर उपभोक्तालाई विभिन्न किसिमका छुट तथा सुविधा दिइरहेका हुन्छन् ।' यो क्षेत्रमा भ्याट लगाउँदा सरकारलाई जति राजस्व प्राप्त हुन्छ, त्योभन्दा धेरै आय विद्युतीय कारोबार विस्तारमार्फत हुने भएकाले सरकारले त्यसबारे सोच्नुपर्ने उनको सुझाव छ । यस क्षेत्रलाई प्रोत्साहन गरेर धेरै संस्थागत (कर्पोरेट) ग्राहकलाई करको दायरामा ल्याउन सकिने प्रधानले बताए ।

सरकारले यस वर्षको बजेटमा सूचना प्रविधिको अधिकतम प्रयोगमार्फत देशको डिजिटल अर्थतन्त्र विस्तारलाई विशेष प्राथमिकता दिएको छ । सार्वजनिक निकायका सेवा प्रवाहलाई 'बिजनेस प्रोसेस रि-इन्जिनियरिङ' का आधारमा सरल बनाउनेदेखि देशको व्यावसायिक वातावरण सुधार गर्न अपनाइएका पाँच रणनीतिभित्र सूचना प्रविधिमा आधारित उद्योगलाई सहजता प्रदान गर्न विदेशमा प्रविधि हस्तान्तरण गरी आर्जित आयलाई पुनः विदेशमै लगानी गर्न पाउने व्यवस्थासहितका कार्यक्रम बजेटमा छन् ।

चालु आर्थिक वर्षलाई सूचना प्रविधि दशकको प्रस्थान वर्ष मान्दै सरकारले आईटी जनशक्तिलाई फेलोसिप र इन्टर्नसिपका सामान्य कार्यक्रमदेखि अत्याधुनिक आईटी हब निर्माण, ई-गभर्नेन्सका माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित, सम्पर्करहित बनाउनेजस्ता महत्त्वाकांक्षी कार्यक्रम बजेटमा उल्लेख छन् । सन् २०८१ देखि २०९१ सम्मलाई विज्ञान प्रविधि दशकसमेत घोषणा गर्ने भनिएको छ । विद्युतीय भुक्तानी कारोबारमा भ्याट लगाएर सरकारले आफ्नै नीतिविपरीत काम गरेको जानकार बताउँछन् । 'हामीले डिजिटल अर्थतन्त्रमा आधारित र डिजिटल भुक्तानी प्रणालीलाई अगाडि बढाउने कुरा गरिरहेका छौं, अर्कोतिर प्रक्रियालाई सहज सरल गर्नुको सट्टा करको भार थपिरहेका छौं,' फिनटेक अलायन्स नेपालका संस्थापक अध्यक्ष सञ्जीव सुब्बाले भने, 'डिजिटल भुक्तानी प्रणाली अगाडि बढ्यो भने राज्यलाई अर्बौं-खर्बौंको खर्च घट्छ । कागजी नोट छपाइ, भण्डारण, ढुवानीदेखि चेक बुक छपाइलगायतको लागत ठूलो छ । डिजिटल भुक्तानीलाई कर छुट मात्रै होइन, सहुलियतपूर्ण अनुदान दिनुपर्छ ।' यस क्षेत्रलाई प्रोत्साहन गरेर अगाडि जानुपर्ने बेला सरकारले नीतिमार्फत पछाडि फर्किने काम गर्न नहुने सुब्बाको भनाइ छ । 'यो सेवामा अहिल्यै कर लगाउनुपर्ने कारण देखिँदैन, हामी डिजिटल अर्थतन्त्र निर्माण गर्न लागिरहेका छौं । अहिले सेवा सहरिया सम्भ्रान्त वर्गसम्म पुगेको छ, यसलाई बिस्तारै सर्वसाधारणसम्म पुऱ्याउनुपर्नेछ,' उनले भने ।

गत बिहीबार एक कार्यक्रममा नेसनल पेमेन्ट सलुसनका लोकराज शर्माले भने, 'आज पनि विदेशका धेरै राष्ट्रमा नगद भुक्तानी गर्न पाइँदैन, पाइहाले पनि थप शुल्क तिर्नुपर्छ । नेपालमा डिजिटल भुक्तानी गर्दा भ्याट तिर्नुपर्ने भएको छ । यो उल्टो भयो ।' कर लगाउने नै हो भने सरकारले नगद भुक्तानीमा लगाउनुपर्ने र यसले राजस्व बढाउनुका साथै पारदर्शिता ल्याउने उनको भनाइ छ । 'अहिले पनि डिजिटल कारोबारमा भ्याट भनेर छैन । पहिला समासोध गृह (क्लियरिङ हाउस) लाई भ्याट छुटको सूचीमा राखेको थियो, त्यसबाट हटाएको हो । तर वित्तीय कारोबार भ्याट छुटको सूचीमा अझै पनि छ,' ई-सेवाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) जगदीश खड्काले भने, 'वित्तीय कारोबार के हो भनेर परिभाषित नगरिदिएको हुनाले पूरै डिजिटल कारोबारमै पो भ्याट लागेको हो कि भन्ने अन्योल छ ।'

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) ले ई-सेवा जस्तो संस्थालाई छुँदैन । हामी भुक्तानी तथा फछ्र्योट ऐनअन्तर्गत छौं । बाफियामा वित्तीय कारोबार परिभाषित छ । तर भुक्तानी तथा फछ्र्योट ऐनमा छैन । यसरी ऐनले अन्योल सिर्जना गरिरहेका बेला बजेटमा पनि प्रस्ट व्यवस्था नआएको खड्काले बताए ।

नेपालमा भुक्तानी प्रणाली सञ्चालकहरूले विद्युतीय भुक्तानी फछ्र्योट तथा क्लियरिङ हाउसको काम गर्दै आएका छन् । यसका लागि पहिले स्थापना भएको संस्था एनसीएचएल हो । त्यसअघि उक्त काम राष्ट्र बैंक आफैंले गर्थ्यो । उक्त काम वित्तीय सेवाअन्तर्गत पर्ने भन्दै साबिकको मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ५ (३) सँग सम्बन्धित अनुसूची १ अन्तर्गत भ्याट नलाग्ने सूचीमा थियो । पछि त्यो काम एनसीएचएलले सुरु गऱ्यो । एनसीएचएलले दिँदै आएको उक्त सेवालाई पनि वित्तीय कारोबारअन्तर्गत व्याख्या गरी आर्थिक वर्ष ०७०/७१ को आर्थिक विधेयकमार्फत सरकारले मूल्य अभिवृद्धि कर ऐनमा भ्याट नलाग्ने सूचीमा राख्यो, जसमा क्लियरिङ हाउस (समाशोधन गृह) सेवा पनि वित्तीय कारोबार मानेरै भ्याट छुट दिइएको थियो । त्यसपछि अरू भुक्तानी सेवा सञ्चालक कम्पनी पनि आए । उनीहरूले पनि भ्याट छुट पाए । तर यस वर्षको बजेटमार्फत यी कम्पनी भ्याट छुटको सूचीबाट हटाइएको थियो ।

# भ्रष्टाचारमा पाँच...

हदम्यादको व्यवस्था हुबहु पारित भए अहिले नै २०७५ अघि भ्रष्टाचार गरेकाहरू उम्किने मैनालीको भनाइ छ ।

वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल पनि भ्रष्टाचार मुद्दामा हदम्याद राख्नु उचित नभएको बताउँछन् । 'भ्रष्टाचार मुद्दा राष्ट्रविरुद्धको अपराध हो । यसमा ५ वर्षको हदम्याद राख्न हुन्न । मुद्दा नलागी हदम्याद सकियो भने भ्रष्टाचारीले के गर्छ ?' उनले भने, 'भ्रष्टाचार मुद्दा सरकारवादी हुन्छ, अख्तियारले चलाउँछ, त्यसमा हदम्याद राख्नु हुन्न । भ्रष्टाचार गर्नेलाई कानुनको कठघरामा पर्न सक्छौं भन्ने परिरहोस् ।'

राज्य व्यवस्था समितिमा कांग्रेस सांसदहरूले हदम्यादसम्बन्धी व्यवस्था हटाउनुपर्ने अडान राखेका छन् । कांग्रेस महामन्त्री गगन थापाले हदम्याद हटाउनुपर्ने संशोधन नै राखेका छन् भने समितिमा रहेका पार्टीका सबै सांसद त्यसमा एकमत रहेको उनको भनाइ छ । 'राज्य व्यवस्था समितिभित्र भएका सांसद हदम्याद हटाउनुपर्छ भन्नेमा एकमत छौं । समितिमा पार्टीको लाइन दिने हामी हो,' थापाले भने, 'भ्रष्टाचार छानबिन र मुद्दा लगाउने हदम्याद हुनु हुन्न भन्नेमा कांग्रेस पार्टीका संशोधनकर्ता र समिति सदस्यको एकमत छ । प्रधानमन्त्रीले ल्याएको प्रस्ताव भए पनि हदम्याद मान्दैनौं ।'

समितिमा एमालेका सांसदहरू दफावार छलफल हदम्यादको व्यवस्थाबारे पुगिनसकेकाले त्यो हटाउने कि राख्ने भन्ने तय भइनसकेको बताउँछन् । समिति सदस्य रघुजी पन्तले विधेयकमाथि सांसदहरूले आफ्नो धारणा राख्ने बताए । पूर्वकानुनमन्त्रीसमेत रहेका समिति सदस्य लीलानाथ श्रेष्ठले पनि अख्तियारका प्रमुख आयुक्त र आयुक्त तथा विज्ञहरूसँगको छलफल र अन्तर्राष्ट्रिय अभ्यासको अध्ययनपछि हदम्यादबारे निर्णय गरिने बताए । 'अख्तियार, महान्यायाधिवक्ता, कानुन आयोग, कानुन मन्त्रालयका सचिवलगायतसँग यस विषयमा बुझ्छौं । अध्ययन गरेर मात्रै जानुपर्छ भन्ने हाम्रो धारणा हो,' एमाले सांसद श्रेष्ठले भने, 'मैले माननीयहरूको भावना बुझ्दा हदम्याद राख्न हुँदैन भन्ने छ ।' एमालेका मुख्य सचेतक महेश बर्तौलाले विधेयकको पाँचवर्षे हदम्यादका विषयमा पार्टी संसदीय दलमा छलफल भइनसकेको बताए । 'हदम्यादको विषयमा सांसदहरूले आफ्ना कुरा राखिरहनुभएको छ । अल्पमत र बहुमत हुने अवस्था आयो भने पार्टीले निर्णय गर्छ,' उनले भने, 'कानुन निर्माण सांसदको क्षेत्राधिकार हो, उहाँहरूले विवेक पुऱ्याउनु हुन्छ ।'

प्रमुख प्रतिपक्षी माओवादीकी सांसद नारायणी शर्माले भ्रष्टाचार, अनियमिततामा संलग्न व्यक्तिलाई अनुसन्धान गरी कारबाही गर्न कुनै हदम्याद राख्न नहुने बताइन् । आइतबारको समिति बैठकमा उनले भनिन्, 'जहिले भ्रष्टाचार तथा अनियमितता भएको थाहा हुन्छ, त्यतिबेला पनि कारबाही गर्ने बाटो खुला राख्नुपर्छ, हदम्याद राख्न हुँदैन ।'

रास्वपाले पनि भ्रष्टाचार मुद्दा लगाउने हदम्याद राख्न नहुने तर्क गरेको छ । हदम्याद राख्न हुन्न भन्ने तय गरी पार्टीका सांसदहरूले संशोधन दर्ता गराएको सांसद सोबिता गौतमले बताइन् । 'भ्रष्टाचारीलाई मुद्दा लगाउने कुराका लागि हदम्याद राख्नुपर्छ भन्नेमा सहमत हुन सकिन्न । पाँच वर्षको हदम्याद राखे त्यो अवधिसम्म मुद्दा चलाउन नदिनका लागि भ्रष्टाचारीले प्रमाण लुकाउलान्, अनेक उपाय लगाएर हदम्याद कटाउलान् । त्यति गर्दैमा भ्रष्टाचारबाट मुक्ति मिल्छ त ?' उनले भनिन्, 'कर्मचारी संयन्त्र, काम गर्ने प्रणालीको विकासमा कमजोरी रहेकाले प्रमाण लुकाउनेलगायतका कार्य हुँदा भ्रष्टाचार मुद्दा चल्ने कानुनमा हदम्याद राख्दा विकृति बढ्छ ।' उनले एक करोडभन्दा बढी जति भ्रष्टाचार गरे पनि ८ देखि १० वर्षसम्म मात्रै कैद सजाय हुने व्यवस्था राखिएकामा आपत्ति जनाएकी छन् ।

**'अख्तियारको क्षेत्राधिकार बढाउनु हुन्न'**

अख्तियारको औचित्यबारे २०५६ सालमै अध्ययन गरेर सरकारलाई प्रतिवेदन बुझाएका वरिष्ठ अधिवक्ता अर्यालले निजी क्षेत्रमा अधिकार विस्तार गर्न नहुने बताए । 'अख्तियारले सम्पूर्ण अधिकार लिन खोज्छ तर यसको क्षमता कति छ ? आजसम्म अख्तियारले गरेको कामलाई मूल्यांकन गर्दा यो असफल संस्था हो । राजनीतिक कारणले गर्दा झन् असफल भएको छ,' उनले भने, 'भ्रष्टाचारीलाई मुद्दा चलाउने निकाय अख्तियार हो, जसरी हत्याको छानबिन गर्ने प्रहरी हो । प्रहरी सरकारप्रति जवाफदेही छ भने अख्तियार कोप्रति जवाफदेही छ ? कसैप्रति जिम्मेवार नरहेको यो संस्थालाई अधिकार बढाउँदै जाने हो भने यसले झन् अख्तियार दुरुपयोग गर्दै जान्छ ।' अख्तियारमा प्रमुख रहेका बेला लोकमानसिंह कार्की र दीपकुमार बस्न्यात तथा आयुक्त राजनारायण पाठकले भ्रष्टाचार गरेको उल्लेख गर्दै उनले थपे, 'अख्तियार नै विवादास्पद अवस्थामा छ, अधिकार बढाउँदै जाने हो भने अख्तियारबाटै बेथिति बढ्छ । त्यो जिम्मेवार संस्था नै होइन । संविधान संशोधन गर्ने चर्चा चलिरहेको र यसकै औचित्यमाथि प्रश्न उठेका बेला अख्तियारबारे पनि विचार गर्नुपर्छ ।'

अख्तियारको क्षेत्राधिकार विस्तार गर्न नहुने र नीतिगत निर्णयको व्याख्या गर्नुपर्ने पनि पूर्वसचिव मैनालीको भनाइ छ । अख्तियारले अहिले आफ्नो क्षमताभन्दा बढी अधिकार खोजिरहेको तर आफूलाई प्राप्त अधिकारअनुसार काम नगरेको उनले बताए । 'आफ्नो क्षमताभन्दा बढी क्षेत्राधिकार अख्तियारले खोज्नु हुँदैन । अहिले जे जति पाएको छ, त्यसमा नै काम गर्न सकेको छैन । निजी क्षेत्र हेर्ने अन्य संस्थाहरू छन्, उनीहरूलाई प्रभावकारी बनाई कानुनी स्वायत्तता दिनुपर्छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलगायतलाई कानुनी रूपमा स्वायत्त बनाउनुपर्छ,' उनले भने ।

**नीतिगत निर्णयको व्याख्या गर्न माग**

कांग्रेस सांसद हृदयराम थानीले भ्रष्टाचार निवारण ऐनमा स्थानीय तहदेखि मन्त्रिपरिषद्सम्मका निर्णयमा छानबिनको व्यवस्था राख्नुपर्ने बताए । 'नीतिगत निर्णय' को व्याख्या कानुनमा गर्नुपर्ने उनको भनाइ छ । पूर्वसचिव मैनालीले सरकारको विभागको निर्देशकले गर्न सक्ने निर्णयलाई पनि नीतिगत निर्णय बनाउन लागिएको उल्लेख गर्दै त्यसलाई रोक्न ऐनमा व्याख्या गर्नुपर्ने बताए ।

राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले भने हदम्यादसहित अख्तियारका चासोका विषयमा प्रमुख आयुक्त र आयुक्तहरूसँग संशोधनकर्ता सांसदहरूको छलफल हुने बताए । उनका अनुसार साउन ३१ मा बस्ने समितिको बैठकमा अख्तियारसँग छलफल हुनेछ ।


EUROPEAN COMMISSION
Directorate General for European Civil Protection and Humanitarian Aid Operations (ECHO)

European Commission

Vacancy Announcement

PROGRAMME OFFICER (1 post)

Application Deadline: 26 AUGUST 2024, 17:00hrs

For full details on how to apply, job description and specifications, visit the following link to our website: https://tinyurl.com/36xnzkpm



UNILEVER NEPAL LIMITED

## Unilever Nepal Limited

### Statement of Financial Position As at 31st Asadh 2081 (Unaudited)

(NRs In Lakhs)

| Particulars | FY 2080-81 (Unaudited) | FY 2079-80 (Audited) |
|---|---|---|
| ASSETS | | |
| Non-Current Assets | | |
| Property, plant and equipment | 15,536 | 14,405 |
| Intangible assets | 5 | 123 |
| Right of use Assets -Lease | 2,681 | 2,114 |
| Deferred tax assets | 300 | 333 |
| **Total Non-Current Assets** | **18,522** | **16,975** |
| **Current Assets** | | |
| Inventories | 10,196 | 9,636 |
| Trade and other receivables | 11,854 | 16,637 |
| Investments in Fixed Deposit | 21,812 | 13,797 |
| Prepayments | 1 | 86 |
| Cash and cash equivalents | 10,360 | 7,820 |
| Current Tax Assets | - | - |
| **Total Current Assets** | **54,223** | **47,976** |
| **Total Assets** | **72,745** | **64,951** |
| **EQUITY AND LIABILITIES** | | |
| **Equity** | | |
| Share capital | 921 | 921 |
| Retained earnings | 47,736 | 42,688 |
| **Total Equity** | **48,657** | **43,609** |
| **Liabilities** | | |
| **Non Current Liabilities** | | |
| Lease Liabilities | 1,902 | 1,892 |
| Provisions | 253 | 225 |
| **Total Non Current Liabilities** | **2,155** | **2,117** |
| **Current Liabilities** | | |
| Trade and other payables | 19,216 | 18,095 |
| Lease Liabilities | 1,073 | 446 |
| Provisions | 845 | 593 |
| Current Tax Liability | 799 | 91 |
| **Total Current Liabilities** | **21,933** | **19,225** |
| **Total Liabilities** | **24,088** | **21,342** |
| **Total Equity and Liabilities** | **72,745** | **64,951** |

Previous year's figures have been regrouped whenever necessary.

### Statement of Profit & Loss For the Quarter ended Asadh 2081 (Unaudited)

(NRs In Lakhs)

| Particulars | 4th Qtr. 2080-81 (Unaudited) | FY 2080-81 (Unaudited) | 4th Qtr. 2079-80 | FY 2079-80 (Audited) |
|---|---|---|---|---|
| Revenue from operations | 20,735 | 82,398 | 20,711 | 84,804 |
| Other income | 632 | 2,407 | 498 | 1,936 |
| **TOTAL INCOME** | **21,368** | **84,806** | **21,208** | **86,739** |
| EXPENSES | | | | |
| Cost of materials consumed | 9,640 | 37,673 | 9,861 | 44,213 |
| Employee benefits expenses | 1,392 | 6,314 | 1,886 | 5,892 |
| Depreciation and amortisation expenses | 764 | 2,931 | 736 | 2,946 |
| Finance Cost | 89 | 341 | 66 | 296 |
| Other expenses | 3,245 | 13,354 | 1,681 | 11,000 |
| **TOTAL EXPENSES** | **15,130** | **60,613** | **14,230** | **64,347** |
| **Profit before tax** | **6,237** | **24,193** | **6,978** | **22,392** |
| Income Tax Expense | 1,092 | 4,451 | 1,335 | 4,049 |
| **Profit from continuing operations** | **5,145** | **19,742** | **5,643** | **18,343** |
| **Net Profit** | **5,145** | **19,742** | **5,643** | **18,343** |

**Notes:**
1. Previous year's figures have been regrouped whenever necessary.

Annexure 14:
(Related with Rule 26 (1))
Unilever Nepal Limited has articulated its purpose as,
**"To earn the love and respect of Nepal by making a real difference to every Nepali."**
The company intends to do this by driving our brands and business to create a 'Swastha' and 'Saksham' Nepal.

1. **Financial Statements**

a) **Fourth Quarter Balance Sheet and P&L Account**
Profit & Loss A/C for 4th Quarter of 2080-81 and the corresponding Balance Sheet are attached. Data provided for the 4th Quarter is for period Baisakh to Asadh this year & comparative for last year.

There have been no material related party transactions, pecuniary transaction or relationship between Unilever Nepal Ltd. and its Directors for the period ended on Asadh 2081 that may have a potential conflict with the interests of the company at large.

b) **Earnings Per Share, P/E Ratio, Net worth per share and ratio of liquidity.**

- **Earnings Per Share:**

-For the 4th Qtr. of Year of 2080-81 is Rs 559 (Rs 2,144 annualized) against Rs 613 (Rs 1,988 annualized) of previous year same period.

- **P/E Ratio:** (Based on closing price at NEPSE as on Chaitra end and EPS for last 4 quarters)
-Current Year (4th Qtr.) 22.07 & Previous Year (4th Qtr.) 16.6

**Net worth Per Share:**
- Current Year (4th Qtr.) Rs. 5,285 & Previous Year (4th Qtr.) Rs. 4,734.

**-Ratio of liquidity:**
- Current Year (end of 4th Qtr.) 2.47 against of 2.62 for end of 4th Qtr. of previous year.

2. **Analysis of Management**

a) Although the company demonstrated substantial growth in both revenue and profit in the previous fiscal year, the performance in the recent quarter has been impacted by factors such as slowdown in consumption of premium categories, and the prolonged liquidity crisis impacting distributor health along with the decreased turnover on account of price off benefit and fill back grammages.

b) Company's revenue from operation for the current quarter is Rs. 2,074 million, marginally higher by 0.1% over the same period previous year. Despite the challenges in the macro environment & local competition, we have successfully rebounded our topline momentum from a decline to a growth from past quarter continuing to this quarter. As a strategic plan for the growth, we have taken aggressive actions to regain our competitiveness by reducing prices in skin cleansing, mass fabric solutions and filling back product in Hair and Household care to boost our consumer franchise and in turn boost volumes. However, the growing trend of individuals migrating to other countries for educational & employment opportunities remain the obstacle for the higher growth due to decreased consumption.

c) Net Profit for the current quarter is Rs. 514 million, decreased by 9% over previous corresponding quarter majorly due to increased employee benefit expenses, increased investment towards Advertising & Promotion expenses for building brand equity (majorly for GAL, RIN bar, CUP & SCL bars).

3. During the period under reference no case has been filed either by the corporate body or against the corporate body in the name of any Director/Promoter of the company.

4. **Analysis of the share transaction of the corporate body:**
a) Dealing of our company's share is the prerogative of the Nepalese public. We however prefer to focus on company's performance, i.e., on the top line & bottom-line growth of the company.
b) Share transaction details as taken from the NEPSE Website for the last 90 days are mentioned below:

Maximum Price: Rs 49,250
Minimum Price: Rs 38,400
Closing Price: Rs 47,328

Total transaction days: 60 Days
Transaction Nos.: 7,019 Shares

5. **Problems & Challenges**
The recent monetary policy reflects a prudent approach to monetary management by lowering the policy rate and deposit collection rate, while keeping stability intact through unchanged cash and statutory liquidity ratios. We anticipate a gradual improvement in the current liquidity crisis in the forthcoming quarters; however, uncertainties persist due to reduced consumer spending and material inflation. Capitalizing on the softening inflation in certain commodities, our primary focus is on passing on the benefits to consumers and regaining volume growth which has already started following in the market. We will strive to strengthen growth by increasing investments in Brand Marketing to ensure that the upcoming quarters deliver sustained, competitive, profitable, and responsible 4G growth.

6. **Corporate Governance**
The company believes in the highest standards of corporate behavior which are laid out through a written Code of business principles for transparency & all statutory/legal compliance by the company, its redistribution stockiest, suppliers, transporters, contractors, and other business partners with whom the company associates through its operations. The management has achieved good governance and responsible management practices which are benchmarked to the best managed global companies.

I take full responsibility of the facts, data and information which have been mentioned in the report till today and submitted with the report. I declare that as per my knowledge all the details and information of this report are true, factual, and full and we did not hide any details, notice, information which are required by the investors to take their decision.

On behalf of Unilever Nepal Limited
**Amlan Mukherjee**
**Managing Director**